नेपाल सरकार

# विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

पत्र संख्या :
च.नं. : ९५३

मिति : २०७२।०६।२२

श्री नेपाल टेलिभिजन

श्री रेडियो नेपाल

श्री गोरखापत्र दैनिक

श्री राष्ट्रिय समाचार समिति

श्री कान्तिपुर दैनिक

श्री नागरिक दैनिक

श्री अन्नपूर्ण पोष्ट

श्री नयाँ पत्रिका दैनिक

## प्रेस विज्ञप्ति

नेपालमा पारमाणविक पदार्थको नियमन, वैज्ञानिक प्रयोगशालामा कार्यरत कर्मचारीलाई जोखिम भत्ताको सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृत निर्देशिकाहरू एवं गत वैशाख १२ को भूकम्पले क्षतिग्रस्त सार्वजनिक भौतिक संरचनाहरूको Integrity परीक्षणको लागि विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र अन्तर्राष्ट्रिय अणुउर्जा एजेन्सी (IAEA) को संयुक्त आयोजनामा सञ्चालित Non Destructive Testing (NDT) का सम्बन्धमा विभिन्न सरोकारवालाहरूलाई जानकारी गराउने उद्देश्यले आज मिति २०७२।०६।२२ मा विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयका सचिव डा. कृष्णचन्द्र पौडलज्यूको अध्यक्षतामा बसेको बैठकमा विभिन्न सरोकारवाला निकायका प्रतिनिधिहरूको उपस्थितीमा रहेको थियो ।

उक्त बैठकमा नेपालमा पारमाणविक पदार्थको आयात, निर्यात, ओसारपसार, भण्डारण र प्रयोगलाई नियमन गरी पारमाणविक पदार्थको अनधिकृत प्रयोगबाट मानव स्वास्थ्य, वातावरण र सुरक्षामा पर्नसक्ने असरबाट जोगाउन तथा अन्तर्राष्ट्रिय प्रतिबद्धताको पालना गर्नका लागि "पारमाणविक पदार्थको नियमन सम्बन्धी निर्देशिका, २०७२" को महत्वबारे तथा नेपाल सरकारका वैज्ञानिक प्रयोगशालाहरूमा कार्यरत कर्मचारीहरूलाई विशेष सुविधा दिने सम्बन्धमा "प्रयोगशाला जोखिम भत्ता व्यवस्थापन निर्देशिका, २०७२" को उपादेयताबारे श्रीमान् सचिवज्यूले प्रकाश पार्नुभयो ।

भूकम्पका कारणले क्षतिग्रस्त सार्वजनिक भौतिक संरचनाहरूको Integrity परीक्षणको लागि विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय र अन्तर्राष्ट्रिय अणुउर्जा एजेन्सी (IAEA) को संयुक्त आयोजनामा



कार्यालयको ठेगाना:
सिंहदरबार, काठमाडौं
नेपाल

कार्यालयको टेलिफोन नं.:
४२११७३४, ४२११६४१, ४२११९९६
४२११९४६, ४२११८९४, ४२११७३७
४२११५८६, ४२११६९८

फ्याक्स नं.:
९७७-१-४२११९५४

इमेल:
info@moste.gov.np

वेब साईट:
www.moste.gov.np

नेपाल सरकार

# विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय

पत्र संख्या :

च.नं. : ९५३

सञ्चालित Non Destructive Testing (NDT) को प्रगतिका सम्बन्धमा उक्त परीक्षण कार्यको सुपरिवेक्षणका लागि नेपाल आएका IAEA का NDT विशेषज्ञ Mr. Isaac Einav ले प्रस्तुति गर्नुभयो । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पुरानो भवन, वीर अस्पतालको भवन, आन्तरिक राजश्व कार्यालय, बबरमहल, क्षेत्र नं. १ र २ का भवनहरू, डिल्लीबजार मालपोत कार्यालयको भवन र बाग्मती पुल, थापाथलीमा भैरहेको NDT परीक्षण कार्यक्रममा नेपाल सरकारका विभिन्न निकायमा कार्यरत एवं प्राज्ञिक निकायका इञ्जिनियरहरूलाई NDT प्रविधिका सम्बन्धमा On the Job Training समेत गराउने कार्य भैरहेको छ ।

...............................

महेन्द्रकुमार थापा

(सह-सचिव)